नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय काठमाडौंको, सूचना

## १. सिलवन्दी दरभाउपत्र आव्हानसम्बन्धी सूचना

दरभाउपत्र नः DEOKTM-2073/74-01
(सूचना प्रकाशित मितिः २०७३/१०/०१)

यस कार्यालयबाट सञ्चालन हुने जिल्लास्तरीय परीक्षा (कक्षा ८) २०७३ सञ्चालनका लागि स्पेसिफिकेशन बमोजिमका मूल तथा थप उत्तरपुस्तिकाहरु गोप्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट छपाई तथा ढुवानी सहित खरिद गर्नु पर्ने भएकाले ईच्छुक छापाखाना,फर्म कम्पनी वा संस्थाबाट मुद्रण सम्वन्धी चालु आ.व.को लागि नवीकरण भएको इजाजत पत्र, फर्म दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र, आयकर नविकरण भएको प्रमाणपत्र र आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि निवेदनसाथ संलग्न राखी रु १०००।- (फिर्ता नहुने गरी) राजश्व दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)औ दिनसम्म कार्यालय समय भित्र (सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट) दरभाउपत्र खरिद गरी १६(सोह्रौं) दिनको १२:०० बजेसम्म (सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट) दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।यस सम्वन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

## २. २०७३ सालको जिल्लास्तरीय परीक्षा (कक्षा ८) को समयतालिकासम्बन्धी सूचना

२०७३ सालको जिल्लास्तरीय परीक्षा (कक्षा ८)देहायवमोजिमको कार्यतालिका अनुसार सञ्चालन गर्ने गराउने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**समय तालिका-**

**परीक्षा सञ्चालन समयः दिनको १.०० बजेदेखि ४.०० बजेसम्म**

| क्र.स. | मिति | विषय |
|---|---|---|
| १ | २०७३ साल चैत्र ३ गते बिहीवार | अंग्रेजी |
| २ | २०७३ साल चैत्र ४ गते शुक्रवार | नेपाली |
| ३ | २०७३ साल चैत्र ६ गते आइतवार | गणित |
| ४ | २०७३ साल चैत्र ७ गते सोमवार | विज्ञान तथा वातावरण |
| ५ | २०७३ साल चैत्र ८ गते मङ्गलवार | सामाजिक अध्ययन र जनसंङ्ख्या शिक्षा |
| ६ | २०७३ साल चैत्र ९ गते वुधवार | (क) नैतिक शिक्षा<br>(ख) स्वास्थ्य तथा शारीरिक शिक्षा |
| ७ | २०७३ साल चैत्र १० गते बिहीवार | पेशा, व्यवसाय र प्रविधि शिक्षा |
| ८ | २०७३ साल चैत्र ११ गते शुक्रवार | मातृभाषा वा स्थानीय विषय वा सस्कृत वा अन्य विषय |

**द्रष्टव्यः**

१. कुनै आकस्मिक विदा पर्न गएमा पनि जिल्ला शिक्षा कार्यालयको पूर्व सूचना विना परीक्षा स्थगित हुनेछैन ।
२. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।
३. तोकिएको केन्द्र र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरुलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।
४. परीक्षार्थीले प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । कोड नम्वरबाट परीक्षा दिएमा सो परीक्षा स्वतः रद्द हुनेछ ।
५. मूल तथा थप उत्तरपुस्तिकाको व्यवस्था जिल्ला शिक्षा कार्यालयबाट गरिनेछ ।
६. परीक्षासम्बन्धी कुनै कुरा स्पष्ट नभएमा जिल्ला शिक्षा कार्यालय काठमाडौंको फोन नम्वर ४२८२९८५ मा सम्पर्क गर्न सकिनेछ । यो विवरण जिल्ला शिक्षा कार्यालयको Website: WWW.deoKathmandu.gov.com मा पनि हेर्न सकिनेछ । साथै अडियो नोटिस बोर्ड नम्वर १६१८-०१-४२८४५९९ मा डायल गरी सुन्न पनि सकिनेछ ।

## ३. संस्थागत विद्यालयको नाम, स्थान, स्वामित्व र गाभिने (मर्ज) सम्बन्धी सूचना

यस जिल्ला अन्तर्गत तपसिल अनुसारका संस्थागत विद्यालयहरुले तपसिल अनुसारको व्यहोरा परिवर्तन गरी पाउँ भनी कम्पनि रजिष्टारको कार्यालयबाट पत्र समेत लिई यस कार्यालयमा निवेदन प्राप्त भएको हुँदा निम्न संस्थासँग कुनै व्यक्ति वा संघ संस्थाको कुनै किसिमको दावी विरोध भएमा यसै सूचनालाई आधार मानी आवश्यक प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिखित निवेदन साथ यस कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग बमोजिम हुने छ । साथै जिल्ला शिक्षा समिति काठमाडौंको निर्णयानुसार स्थान परिवर्तन वर्षमा एकपटक मात्र गर्ने निर्णय भएकोले स्थान परिवर्तनको निवेदन २०७३ साल माघ मसान्त भित्र मात्र लिइने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सवै सरोकारवालाहरुलाई जानकारी गराईन्छ ।

**क) नाम परिवर्तन**

| सि.नं. | साविकको नाम र ठेगाना | परिवर्तन गर्न चाहेको नाम | कैफियत |
|---|---|---|---|
| १ | जी.एस.फाउण्डेसन काठमाडौं प्रा.लि. का.म.न.पा.-३४ | काठमाण्डौ प्रज्ञा कुञ्ज स्कूल प्रा.लि., का.म.न.पा.-३४ | |
| २ | जे एस.ज्ञान ज्योति प्रतिष्ठान प्रा.लि., अनामनगर | नेपाल मेगा स्कुल का.म.न.पा.-३३ अनामनगर | |
| ३ | पुष्प बाल एकाडेमी प्रा.लि., का.म.न.पा.-२ लाजिम्पाट | बालबाटिका इङ्गलिस बोर्डिङ स्कुल गोकर्णेश्वर-१३ | |
| ४ | संस्कार पब्लिक स्कुल, तारकेश्वर न.पा.-५, काठमाडौं | एभरेष्ट किड्स इङ्गलिस स्कुल, तारकेश्वर न.पा.-२१, काठमाडौं | |
| ५ | ज्योति शिक्षा सदन आवाशीय विद्यालय, तारकेश्वर-३ साइला | ल्याण्डमार्क एकेडेमी, तारकेश्वर-३ साइला | |
| ६ | मनोहरा माध्यमिक विद्यालय, गोठाटार, काठमााडौं | एकलब्य शिक्षा सदन, गोठाटार, काठमाडौं | |
| ७ | एभरेष्ट इनोभेटिभ इन्टरनेशनल नेटवर्क प्रा.लि. | एभरेष्ट इनोभेटिभ एजुकेशन नेटवर्क प्रा.लि. | |
| ८ | सितु प्राईमरी बोर्डिङ स्कुल, का.म.न.पा.-२३, ओमबहाल | केटाकेटी इङ्गलिस स्कुल, का.म.न.पा.-८, पिंगलास्थान | |
| ९ | सुनकोशी स्कुल, का.म.न.पा.-११ बबरमहल | ग्राण्डीस्कुल, का.म.न.पा.-४, सुकेधारा | |
| १० | साई एजुकेयर बोर्डिङ स्कुल, का.म.न.पा.-३३ वानेश्वर | प्रारम्भ एकेडेमी, कागेश्वरी मनहरा-९ बाबाचोक | |
| ११ | ओपल हाइयर सेकेण्डरी स्कुल, का.म.न.पा.-७ सिफल | सिफल स्कुल, का.म.न.पा.-७ सिफल | |
| १२ | बलबाटिका ईङ्गलिस बोर्डिङ स्कुल, गोकर्णेश्वर-१३ जोरपाटी | एन्जल्स प्याराडाइज स्कुल टोखा न.पा.-६ | |

**ख) स्थान परिवर्तन**